वीरगंजमहानगरपालिका,नगरकार्यपालिकाको कार्यालय

वीरगंज,(पर्सा)

प्रदेश नं.२, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

**प्रथम पटक प्रकाशित २०७७/०६/०९ गते**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिचछेद ३ को दफा ११ को उपदफा (२ प), वीरगञ्ज महानगरपालिकाको आर्थिक ऐन, २०७७ को दफा-१४, अनुसचि-१३ र वीरगञ्ज महानगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७७ ले दिएको अधिकार वमोजिम र नगर कार्यपालिकाको कार्यालयको मिति २०७७/०६/०७ गतेको निर्णय बमोजिम वीरगञ्ज महानगरपालिका वडा नं.३१ स्थित भेडाहा खोलाबाट चालु आ.ब.२०७७/०७८ को वाँकि अवधिका लागि नदीजन्य पदार्थ उत्खनन्/संकलन हुने ढुंगा, गिट्टी, ग्रेभल तथा वालुवा विकि गरी आय संकलनका लागि प्रतिस्पर्धाका आधारमा बोलपत्र माध्यमबाट ठेक्का वन्दोवस्त गर्न **प्रथम पटक** ३० (तिस) दिने सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, फर्म वा सस्थाहरुले बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ ।

१. यो सुचना प्रथम पटक प्रकाशित मितिले ३०औ दिन भित्र तपसिलमा तोकीए वमोजिमको रकम नगदै दाखिला गरि (पछि फिर्ता नहुने गरि) यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२. बोलपत्र फाराम खरिद गरि ३१ (एकतिसौं) औं दिनको १२:०० बजे सम्म नेपाली नागरिकताको प्रतिलिपी तथा आफुले कबोल गरेको अंकको ५% प्रतिशत धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंक, आदर्शनगर शाखा, वीरगंजमा रहेको धरौटी खाता नं. १२५००३०३००००००२ मा नगदै दाखिला गरेको सक्कलै वैक भौचर वा १२० दिनको म्याद भएको वाणिज्य बैंक वा वित्तिय संस्थाले जारी गरेको बैक ग्यारेन्टी संलग्न राखी बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. रितपूर्वक दर्ता हुन आएका बोलपत्र फारामहरु सोही दिन अर्थात ३१औं (एकतिसौं) दिन दिउसो २:०० बजे नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिल नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र फाराम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कमश: सो को भोली पल्ट बोलपत्र फाराम खरिद, दाखिला र खोलीने कार्य क्रमशः हुनेछ ।

५. ठेक्का रकममा कुनै किसिमको परिस्थिति देखाई मिन्हा वा क्षतिपूर्ति दिइने छैन ।

६. ठेक्का स्वीकृत भए पछि आफूले कबुल गरेको कुल ठेक अंक बराबरको परफरमेन्स बण्ड वा ४० % प्रतिशतले हुन आउने प्रथम किस्ता वापतको रकम नगदै बुझाई बाँकी ६०% रकम बराबरको वाणिज्य बैंक वा वित्तिय संस्थाले जारी गरेका २०७८ साउन मसान्त सम्म म्याद भएको यस कार्यालयको नाममा जारी गरेको परफरमेन्स बण्ड पेश गरी सम्झौता गर्नु पर्ने छ । बाँकी ६०% रकमको ३०% प्रतिशत दोश्रो किस्ता वापतको रकम फागुन मसान्त सम्म र तेश्रो तथा अन्तिम किस्ता ३०% प्रतिशत वापतको रकम बैशाख मसान्त सम्म बुझाउनु पर्नेछ ।

७. कवोल अंकको १३% प्रतिशत मू.अ.कर को रकम यस कार्यालयमा बूझाउनु पर्नेछ वा आन्तरिक राजश्व कार्यालयमा वुझाएको प्रमाण निस्सा यस कार्यालयमा पेश गर्नु पर्ने छ र नियमानुसारको आयकर सम्बन्धित ठेकदारले वुझाउनु पर्नेछ ।

८. ढुगा, बालूवा, गिटी, ग्रेभल उत्खनन्/संकलनमा भ्याट वाहेक प्रति घनफिट रू.४/(चार) का दरले विकी कर तोकिएको छ ।

९. वन तथा खोला नाला प्राकृतिक धार किनारालाई तथा अन्य अवस्थाहरुलाई हानी नोक्सानी हुन नपाउने गरि सार्वजनिक स्थल, पुल, सडक कल्भेट, कजवे आदिको तल माथि पांच/पांच सय मिटर तथा दायां वायां पचास मिटर छाडेर मात्र Canalize गरी Cannel भित्र परिमाणको परिधि भित्र रही खोलाको अवस्था र ढुंगा,गिटी,वालुवाको Deposition को मात्रा हेरी बढीमा १ मिटर सम्म मात्र गहिराई गरी बालुवा, ढूंगा, गिट्टी र ग्रेभल झिक्ने र झिकाउने बन्दोवस्त ठेकेदारले आफ्नै तर्फवाट गर्नु पर्नेछ । यसरी झिक्दा नदी कटान हुने क्षेत्रमा उत्खनन्/संकलन गर्न पाउने छैन । सो विपरित काम गरेमा त्यसको जवाफदेही ठेकेदार स्वयं हुनूपर्नेछ ।

Scanned with CamScanner

१०. कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार वीरगञ्ज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ । बोलपत्र दिदां कुनै किसिमको शर्त मान्य हुने छैन साथै रित नपूगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११ प्रत्येक महिनाको ७ गते भित्र ढूगां, गिट्टी, बालुवाको उत्खनन्/संकलन् ओसार/पसारको मासिक प्रगति प्रतिवेदन र नगदी रसिदको अर्धकट्टी समेत अनिवार्य रुपमा यस कार्यालयको राजशव महाशाखामा बुझाउनु पर्नेछ ।

१२. विशेष गरि बालुवा, ढूंगा, ग्रेभल आदि झिक्दा वातावरणीय संतुलनमा असर नपर्ने गरि र भु-बनौट एवं प्राकृतिक सौन्दर्यतामा असर नपर्ने गरि झिक्ने बन्दोवस्त ठेकेदारले मिलाउनू पर्नेछ । वातावरण संतुलन वा भु-उपयोगिताको दृष्टिकोणबाट वन्यजन्तु आरक्ष तथा राष्ट्रिय निकून्जको निषेधित वन सिमाना भित्रबाट बालूवा, ढूंगा, गिट्टी ग्रेभल आदि ठेकेदारले अनूमति बेगर झिक्न पाउने छैन । वन तथा वन्यजन्तुआरक्ष र राष्ट्रिय निकून्ज सम्बन्धी कानुनको पालना गर्नु ठेकेदारको कर्त्तव्य हुनेछ ।

१३. जिल्ला अनुगमन तथा समन्वय समितिले दिएको निर्देशन र (IEE) प्रतिवेदनमा उल्लेख भएको शर्तहरुको ठेकेदारले अनिवार्य रुपले पालना गर्नुपर्नेछ ।

१४. अन्य विस्तृत शर्तहरुको हकमा यस कार्यालयको राजस्व व्यवस्थापन महाशाखामा कार्यालय समय भित्र बुझ्न सकिने छ ।

१५. उत्खनन्/संकलन क्षेत्र प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेख भएका ठाउँहरुबाट मात्र गर्नु पर्ने छ तथा उत्खनन्/संकलन् अवधि २०७८ साल जेठ मसान्त सम्म मात्र कायम रहने छ ।

तपसिल:-

अनुसूची-१३

ऐनको दफा १४ संग सम्बन्धित

महानगरपालिका क्षेत्रभित्र वाट निकासी हुने ढुङ्गा, गिटी, वालुवा, ग्राभेल र रोडाको दररेट:-

| आय ठेक्का नं. | विवरण | (ढूगां, बालूवा, गिटी, ग्रेभल आदी) जम्मा घ.फिट | न्यूनतम कबोल अंक (मु.अ.कर वाहेक) | बोलपत्र दस्तूर (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|---|
| ०७/२०७७/०७८ | भेडाहा खोला | ९,५२,५६०.०० | रु.३८,१०,२४०/- ( अक्षेरेपी अठ्तिस लाख दश हजार दुईसय चालिस मात्र) | ३०००/- | नदी जन्य पदार्थ संकलन/उत्खनन कार्यको लागि तयार गरीएको वातावरणिय परिक्षण प्रतिवेदन २०७६ अनुसार । |

Scanned with CamScanner